nepalpostdaily .com

# नेपाल पोष्ट डेली

दैनिक

19°C । वर्ष :११, अंक : १४९ पृष्ठ ४ । आइतबार १८ माघ २०८२ । SUNDAY, FEBRUARY 01, 2026 .nepalpostdaily .com । मुल्य ५ रुपैंया

## पर्सामा प्रदीप यादवको प्रभाव बढ्दो: जनप्रतिनिधिसहित सयौं नेता एमाले प्रवेश




**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,१७ माघ ।**

पर्सा जिल्लाको वीरगञ्ज महानगरपालिका-११ र १३ का जनप्रतिनिधि तथा सयौं नेता-कार्यकर्ताको नेकपा (एमाले) प्रवेशलाई पर्साको राजनीतिमा प्रदीप यादवको बढ्दो प्रभाव र जनआधार विस्तारको संकेतका रूपमा हेरिएको छ। जसपा नेपालसहित मधेसकेन्द्रित दलबाट निर्वाचित जनप्रतिनिधिहरू नै एमालेमा प्रवेश गर्नु पर्सामा नेतृत्वको नयाँ ध्रुवीकरण सुरु भएको राजनीतिक वृत्तमा चर्चा छ । वीरगञ्ज-११ का वडाध्यक्ष अजयकुमार बारै (चौरसिया), वडा सदस्यहरू जगनलाला महतो धानुक र गौदमी देवी, वीरगञ्ज-१३ का पूर्व वडाध्यक्ष तूफान फारुक अन्सारी तथा वडा सदस्य लाल मोहम्मद मन्सुरीलगायत नेता-कार्यकर्तालाई पूर्व मन्त्री तथा एमाले नेता प्रदीप यादवले पार्टीमा स्वागत गरेका थिए । पछिल्लो समय पर्साभरि प्रदीप यादवप्रति जनप्रतिनिधि र कार्यकर्ताको आकर्षण बढ्दै गएको एमाले नेताहरूको दाबी छ। स्थानीय तहका निर्वाचित प्रतिनिधिहरू नै उनको नेतृत्वप्रति विश्वास व्यक्त गर्दै एमाले रोज्नु आगामी निर्वाचनमा पर्साको राजनीतिक समीकरण बदलिन सक्ने संकेत मानिएको छ । कार्यक्रमलाई सम्बोधन गर्दै यादवले पर्साको विकास, राजनीतिक स्थायित्व र जनताको हकहित सुनिश्चित गर्न एमाले बलियो बन्न आवश्यक रहेको बताए । उनले पर्सामा विगतदेखि रोकिएको विकासलाई गति दिने प्रतिबद्धता दोहोर्याउँदै स्थानीय जनप्रतिनिधिहरूको साथले अब परिवर्तनको नयाँ चरण सुरु हुने दाबी गरे । राजनीतिक विश्लेषकहरूका अनुसार पर्सामा प्रदीप यादव केन्द्रित एमालेको सक्रियता बढ्दै जाँदा आगामी चुनावी प्रतिस्पर्धा थप रोचक र निर्णायक बन्ने देखिएको छ ।

## बीरगञ्जको कृष्णा अस्पतालमा उपचाररत युवकको मृत्यु

**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,१७ माघ ।**

बीरगञ्ज महानगरपालिका-४ विर्तास्थित कृष्णा अस्पताल प्रालिमा उपचाररत २० वर्षीय युवकको मृत्यु भएपछि उपचारमा लापरबाही भएको आशङ्कासहित छानबिनको माग उठेको छ । मृत्यु हुनेमा बारा जिल्लाको महागढीमाई नगरपालिका-८ बेतवना निवासी चन्देश्वर माझीका छोरा हरेन्द्र माझी रहेका छन् । उनी पछिल्लो तीन दिनदेखि उक्त अस्पतालमा उपचाररत थिए। अस्पताल स्रोतका अनुसार अचानक स्वास्थ्य अवस्था बिग्रिएपछि आइतबार बिहान उनको मृत्यु भएको हो । तर मृतकका परिवारजनले चिकित्सक तथा अस्पताल पक्षबाट गम्भीर लापरबाही भएको आरोप लगाएका छन् । मृतककी आमा अनिता देवीले छोराको मृत्यु शङ्कास्पद रहेको बताउँदै निष्पक्ष छानबिनको माग गरेकी छन् । उनका अनुसार बिहान करिब ९ बजे छोरोले खाना खान इशारा गरेको केही समयमै चिकित्सकले मृत्युको खबर सुनाएका थिए। "छोरो सामान्यजस्तै देखिन्थ्यो, अचानक मृत्युको खबर सुन्दा हामी स्तब्ध भयौं," उनले भनिन् । घटनापछि सम्पूर्ण परिवार शोकमा डुबेको पनि उनले बताइन् । मृतक हरेन्द्र माझी पछिल्लो एक महिनादेखि क्षयरोग (टिबी) बाट पीडित थिए । उनी सरकारी अस्पतालबाट नियमित रूपमा टिबीको औषधि सेवन गर्दै आएका थिए । अत्यधिक खोकी र स्वास्थ्य अवस्था जटिल बन्दै गएपछि थप उपचारका लागि वीरगञ्ज ल्याएर कृष्णा अस्पतालमा भर्ना गरिएको परिवारजनको भनाइ छ । परिवारका अनुसार बिरामीको अवस्था गम्भीर बन्दै जाँदा नजिकै रहेको नारायणी अस्पतालमा रेफर गर्नुपर्नेमा निजी अस्पतालमै उपचार जारी राखिनु लापरबाही हो । साथै उपचार खर्च र मृत्युको वास्तविक कारणबारे समेत अस्पतालले स्पष्ट जानकारी नदिएको उनीहरूको आरोप छ ।

यता अस्पताल प्रशासनले भने सबै आरोप अस्वीकार गरेको छ । अस्पतालको इमर्जेन्सी वार्डका मेडिकल अफिसर डा. सुदिप गुप्ताले उपचारमा कुनै लापरबाही नभएको दाबी गर्दै बिरामी भर्ना हुँदाकै अवस्था गम्भीर रहेको बताए । "हामीले गर्न सक्ने सबै प्रयास गरेका थियौं, तर बिरामीको अवस्था अत्यन्तै जटिल भएकाले ज्यान जोगाउन सकिएन," उनले भने । घटनापछि स्थानीयवासी तथा सरोकारवाला निकायबाट निष्पक्ष छानबिन गरी सत्यतथ्य सार्वजनिक गर्न माग बढ्दै गएको छ ।

## शुशिल साह कानुद्वारा बीरगञ्ज-१ मा घरदैलो अभियान सम्पन्न



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,१७ माघ ।**

पर्सा-२ निर्वाचन क्षेत्र अन्तर्गत राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार शुशिल साह कानुले आज बिहान वीरगञ्ज महानगरपालिका वार्ड नं १ स्थित छपक्कै टोलमा घरदैलो कार्यक्रम सम्पन्न गरेका छन् । 'युवाको नारा, परिवर्तनको आधार' भन्ने मूल सन्देशसहित आयोजित अभियानमा उम्मेदवार कानुले स्थानीय मतदातासँग प्रत्यक्ष भेटघाट गर्दै आफ्ना चुनावी एजेन्डा प्रस्तुत गरे । कार्यक्रममा सहभागी समर्थक र युवाहरूले 'हर-हर घण्टी'को नारा लगाउँदै घण्टी बजाएर वातावरणलाई उत्साहपूर्ण बनाएका थिए । उम्मेदवार कानुले सुशासन, रोजगारी, शिक्षा र स्वास्थ्यलाई आफ्नो प्राथमिकता रहेको बताउँदै, संसदमा नयाँ सोच र कार्यशैलीको आवश्यकता रहेको बताए । उनले पुराना राजनीतिक प्रवृत्तिबाट अपेक्षित परिणाम नआएको भन्दै, परिणाममुखी र जवाफदेही नेतृत्वको महत्त्व औँल्याए । कार्यक्रममा सहभागी स्थानीय युवाहरूले पनि पुरानो राजनीतिक संस्कारभन्दा फरक र परिवर्तनमूलक नेतृत्वको अपेक्षा राखेको प्रतिक्रिया दिएका छन् । राष्ट्रिय स्वतन्त्र पार्टीले पर्सा-२ मा युवामुखी अभियानलाई तीव्र बनाउँदै मतदातासँग प्रत्यक्ष संवादलाई प्राथमिकता दिएको छ । उम्मेदवार कानु पछिल्ला दिनहरूमा निरन्तर घरदैलो तथा जनसम्पर्क कार्यक्रममार्फत सक्रिय देखिएका छन् ।

## चुनाव आउँदा मात्र जनताको ढोका ढकढक्याउने जालिम मियाँप्रति पर्सा-४ मा बढ्दो अविश्वास




**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,१७ माघ ।**

पर्सा निर्वाचन क्षेत्र नम्बर ४ मा नेकपा एमालेका उम्मेदवार जालिम मियाँले सुरु गरेको घरदैलो अभियानलाई धेरै स्थानीयले चुनाव नजिकिँदा मात्र देखिने औपचारिक गतिविधि भनेर टिप्पणी गर्न थालेका छन् । जगरनाथपुर गाउँपालिकाका विभिन्न वडामा गरिएको घरदैलो कार्यक्रमलाई मतदाताले समस्या समाधानभन्दा पनि मत माग्ने पुरानै शैलीको अभियानको रूपमा लिएका छन् । विगतमा निर्वाचित प्रतिनिधिहरूले अपेक्षा अनुसार काम नगरेको गुनासो उठिरहँदा उम्मेदवारहरू चुनावको समयमा मात्र घर-घर पुग्ने प्रवृत्ति दोहोरिएको स्थानीयको भनाइ छ। २०७९ सालको निर्वाचनमा करिब पाँच हजार मतले पराजित भएका मियाँ पुनः मैदानमा उत्रिए पनि मतदातामा अझै विश्वास पूर्ण रूपमा फर्कन नसकेको देखिन्छ। स्थानीयहरूका अनुसार बेरोजगारी, शिक्षा, स्वास्थ्य र पूर्वाधारका समस्या यथावत् रहँदा केवल भाषण र आश्वासनले मात्र अवस्था बदलिने विश्वास घट्दै गएको छ। घरदैलोमा एमाले स्थायित्व र विकासको नारा दोहोर्याइए पनि मतदाताले भने प्रत्यक्ष उपलब्धि र कामको प्रमाण खोजिरहेको देखिन्छ। धेरै स्थानीयले "चुनावपछि नेता नदेखिने" पुरानै अनुभव दोहोरिने चिन्ता व्यक्त गरिरहेका छन् । यसैबीच, पर्सा-४ का मतदाताले यसपटक केवल नाराभन्दा पनि ठोस काम र विश्वसनीय प्रतिबद्धता खोजिरहेका छन्, जसले उम्मेदवारहरूका लागि चुनौती थपिएको राजनीतिक विश्लेषकहरू बताउँछन् ।

## नेपाली कम्युनिष्ट पार्टी निर्वाचन क्षेत्र नं. २ को अलौंमा सम्पर्क कार्यालय उद्घाटन

**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,१७ माघ ।**

नेपाली कम्युनिष्ट पार्टी (नेकपा) पर्सा निर्वाचन क्षेत्र नं. २ ले वीरगंज महानगरपालिका वडा नं. १७ स्थित औलीमा निर्वाचन सम्पर्क कार्यालय सञ्चालनमा ल्याएको छ । नेकपा पर्सा क्षेत्र नं. २ का उम्मेदवार मनोज चौधरीको विशेष उपस्थितिमा निर्वाचन गतिविधिलाई तीव्र बनाउने उद्देश्यसहित सम्पर्क कार्यालयको उद्घाटन गरिएको पार्टीले जनाएको छ । कार्यालय उद्घाटन कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य किशोरी कुशवाहा, बृजलाल पासवान तथा नेताहरू रमेश चौधरी, सुशील हजारा, किसुनदेव यादवलगायतको उपस्थिति रहेको थियो । उद्घाटन समारोहलाई सम्बोधन गर्दै नेताहरूले पार्टी उम्मेदवार मनोज चौधरीको जित सुनिश्चित रहेको दाबी गर्दै सबै पार्टी पंक्तिलाई एकताबद्ध भएर चुनावी प्रचार-प्रसारमा सक्रिय हुन आग्रह गरेका थिए ।

## नेपाल मुस्लिम संघ पर्साको बृहत क्षेत्रीय भेला सम्पन्न




**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,१७ माघ ।**

नेपाल मुस्लिम संघ, पर्साले प्रतिनिधिसभा निर्वाचन क्षेत्र नम्बर ४ अन्तर्गत जगरनाथपुर गाउँपालिका-२ स्थित जानकीटोला चौकमा बृहत क्षेत्रीय भेला आयोजना गरेको छ । भेला क्षेत्रीय अध्यक्ष अफताब मियाँको अध्यक्षतामा तथा क्षेत्र नम्बर ४ का प्रतिनिधिसभा उम्मेदवार रमेश रिजालको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो । कार्यक्रममा नेपाली कांग्रेस पर्साका जिल्ला सभापति जनार्दन सिंह क्षेत्री, बृहस्पति श्रेष्ठ, क्षेत्र नम्बर ४ का क्षेत्रीय सभापति तथा नेपाल मुस्लिम संघका केन्द्रीय उपाध्यक्ष म. सहाबुदिन, केन्द्रीय सदस्य शहरुम राउत गद्दी, रमेश पाण्डे, श्रीकान्त यादव लगायत मुस्लिम नेता तथा स्थानीय अगुवाहरूको उल्लेख्य उपस्थिति रहेको थियो । भेलामा सहभागी नेताहरूले क्षेत्रीय विकास, समुदायबीच आपसी सहकार्य तथा संगठन सुदृढीकरणका विषयमा छलफल गरेका छन् । साथै आगामी निर्वाचनलाई लक्षित गर्दै मुस्लिम संघको भूमिका थप प्रभावकारी बनाउने र जनसहभागिता विस्तार गर्ने विषयमा जोड दिइएको थियो । सदस्यहरूले सामाजिक एकता प्रवर्द्धन, समुदाय सेवा र सक्षम नेतृत्व विकासमा निरन्तर रूपमा क्रियाशील रहने प्रतिबद्धता व्यक्त गरे ।

नेपाल पोष्ट डेली
ई -पेपरका
लागि स्क्यान गर्नुहोस्

बाँकी तेश्रो पृष्ठमा⇨

## पर्सा-३ को पकहाँमैनपुरमा एमालेको पालिकास्तरीय भेला सम्पन्न

**बीरगन्ज,१७ माघ ।**

पर्सा निर्वाचन क्षेत्र नम्बर-३ अन्तर्गत पकहाँमैनपुर गाउँपालिकामा नेकपता एमालेको पालिकास्तरीय भेला तथा कार्यकर्ता भेटघाट कार्यक्रम उत्साहपूर्ण वातावरणमा सम्पन्न भएको छ। संगठन सुदृढीकरण र आगामी निर्वाचनको तयारीलाई केन्द्रमा राखेर आयोजित भेलामा स्थानीय तहदेखि जिल्लास्तरसम्मका नेता-कार्यकर्ताहरूको उल्लेख्य सहभागिता रहेको थियो । कार्यक्रम एमाले मधेस प्रदेश कमिटी सदस्य तथा पालिका इन्चार्ज विजय चौरसियाको अध्यक्षतामा सम्पन्न भएको हो भने नेकपा एमाले केन्द्रीय कमिटी सदस्य तथा पर्सा जिल्ला इन्चार्ज प्रभु हजरा प्रमुख अतिथि रहनुभएको थियो। भेलामा पर्सा जिल्ला कमिटी अध्यक्ष विश्वम्भर शर्मा, सचिव महेश दाशलगायत नेताहरूको उपस्थिति थियो। भेलालाई सम्बोधन गर्दै पर्सा-३ का उम्मेदवार रूपेश पाण्डेले क्षेत्रको दिगो र समावेशी विकासलाई आफ्नो प्राथमिक एजेन्डा बनाएको स्पष्ट पार्नुभयो । उहाँले पकहाँमैनपुरसहित सम्पूर्ण क्षेत्रलाई आर्थिक रूपमा सबल बनाउने, शिक्षा र स्वास्थ्य सेवाको गुणस्तर सुधार गर्ने तथा योजनाबद्ध विकासको खाका अघि सार्नुभएको थियो । "पर्सा-३ मा विकासको ठूलो सम्भावना छ, यसका लागि सक्षम नेतृत्व र जनताको सक्रिय सहभागिता आवश्यक छ," भन्दै पाण्डेले युवाको भूमिका, किसानको योगदान र आम नागरिकका अपेक्षालाई नीतिगत

बाँकी तेश्रो पृष्ठमा⇨

## नेपाल पोष्ट डेलीका लागि

प्रकाशक :- नेपाल पोष्ट मिडिया प्रा.लि.
सम्पादक :- मनोज पटेल
कार्यकारी सम्पादक :- संतोष साह
सह-सम्पादक :- सरोज पटेल
सम्पर्क कार्यालय :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल
मुद्रक :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


## सम्पादकीय

# भ्रष्टाचारको मुहान रोक्न चुनावी खर्चमा पारदर्शिता

राज्य सञ्चालनका लागि जनताले योग्यहरूमध्येबाट योग्यतम पार्टी र उम्मेदवार छान्ने अवसर नै निर्वाचन हो । लोकतन्त्रमा यो नियमित प्रक्रिया हो ।योग्यतम पार्टी र उम्मेदवार छान्नका लागि उनीहरूले बोकेका विचार, सिद्धान्त र कार्यक्रम केही सूचक हुन् । उनीहरूले जनताका सुखदु:ख कति बुझेका छन्, जनतासँग कति घुलमिल छन्, उनीहरूले जनता र सरकारबीचको पुल बन्ने क्षमता राख्छन् कि राख्दैनन् भन्ने जस्ता पक्षको पनि मतदाताले मूल्यांकन गरेका हुन्छन् । यद्यपि, यस्ता विषय निर्वाचनका आदर्श पाटो मात्रै हो । यथार्थमा अथाह खर्च गर्ने प्रवृत्ति फस्टाएको छ । जसले बढी खर्च गर्छ, उसको जित्ने सम्भावना पनि बढ्ने गरेको अध्ययनहरूले देखाएका छन् । निर्वाचनमा आदर्श, नियम, कानुनको उल्लंघन हुने गरेकैले निर्वाचन खर्चिलो र राज्यसंयन्त्र भ्रष्ट हुँदै गएको हो । निर्वाचनलाई नै सुधार गर्न सकियो भने मात्रै राज्यसत्तालाई जनमुखी बनाउन सकिन्छ ।निर्वाचनमा उम्मेदवारले अधिकतम कति खर्च गर्न पाउने भएर निर्वाचन आयोगले तोकिदिने गरेको छ । आसन्न प्रतिनिधिसभा निर्वाचनका लागि निर्वाचन क्षेत्र हेरी २२ लाखदेखि ३३ लाख रुपैयाँसम्म खर्च गर्न पाउने सीमा तोकिएको छ । खर्चको यस्तो दायरा यसअघिको निर्वाचनमा पनि तोकिएको थियो ।तर उम्मेदवारहरूले त्यति रकमले खर्च धान्न नसकिने बताउने गरेका छन् । कतिपयको अनुभवमा त टिकट लिएर निर्वाचन क्षेत्रसम्म पुग्दा नै त्यति रकम खर्च भइसक्ने बताउँछन् । २०७४ को प्रतिनिधिसभा निर्वाचनमा विजेता र उपविजेता उम्मेदवारको औसत खर्च २ करोड १३ लाख र १ करोड ४९ लाख रहेको अध्ययनमा देखिएको छ । कतिपय उम्मेदवारले निर्वाचन आयोगमा बुझाएको विवरणभन्दा धेरै खर्च गरेको स्विकारेका छन् । कांग्रेसका तत्कालीन सांसद शशांक कोइरालाले २०७४ को निर्वाचनमा ६ करोड खर्च गरेको बताएका थिए । जबकि, आयोगमा भने उनले २१ लाख ७५ हजार खर्च भएको विवरण बुझाएका थिए । उम्मेदवारले अधिक खर्च गर्ने र उसले जित्ने सम्भावना हुँदा निर्वाचन स्वयं पैसाको प्रतिस्पर्धामा परिणत भएको छ । उम्मेदवारले विचार र सिद्धान्तप्रति प्रतिबद्ध नरहे पनि हुने, जनताका समस्याप्रति जानकार नरहे पनि हुने स्थिति बनेको छ । पैसा खर्च गरेर जितेपछि पनि जनताका एजेन्डा बोकिरहनुपर्ने बाध्यता रहँदैन । बरु कसरी हुन्छ, निर्वाचनमा भएको खर्च उठाउने र आगामी निर्वाचनका लागि आर्थिक जोहो गर्नेतर्फ उनीहरू केन्द्रित हुन्छन् । जब निर्वाचनमा जनताका एजेन्डामाथि बहस हुँदैन, देश विकासका खाकामाथि मन्थन हुँदैन, त्यस्तो निर्वाचनले लोकतन्त्रको औपचारिकता मात्रै पूरा गर्छ । त्यस्तो निर्वाचनबाट बनेको संसद् र सरकारको प्राथमिकतामा पनि जनता पर्दैनन् । हाम्रा एकपछि अर्का निर्वाचनबाट पनि जनताको आशा पूरा नहुनुमा यस्तै प्रवृत्तिले काम गरेको छ । अधिक खर्च गर्ने प्रवृत्तिले निर्वाचन आचारसंहिताको उल्लंघन भएको छ । तर उम्मेदवारहरूले ढाँटेर विवरण बुझाउँछन् । जुन उम्मेदवारको विजय नै नीति नियमको उल्लंघन र ढाँटबाट सम्भव हुन्छ, उसले राजनीतिक नैतिकताको वकालत गर्ने हैसियत नै राख्दैन । अर्कोतर्फ, उम्मेदवारले गर्ने खर्चको स्रोत पनि पारदर्शी छैन । खर्च अथाह हुन्छ तर त्यसको स्रोत के हो ? उम्मेदवारले बताउन आवश्यक ठान्दैनन् । अध्ययनहरूले देखाएका छन्, निर्वाचनमा खर्च हुने अर्बौं रकमका मुख्य स्रोत लुकाइएको धन, उद्योग व्यापारीको लगानी र चन्दा हुने गरेको छ । जसले अपारदर्शी ढंगले उम्मेदवारमाथि पैसा खन्याउँछन्, त्यो अपेक्षारहित लगानी र सही नियत राखिएको छ भन्न सकिँदैन । बरु लगानी गराएर जिताएका उम्मेदवारबाट पछि आफूअनुकूल नीतिगत निर्णय गराउने, कानुनका लागि पहल गराउने, प्रशासनिक झन्झटबाट जोगाउन शक्ति प्रयोग गर्ने अपेक्षा गरिएका हुन्छन् । यसरी निर्वाचित हुने जनप्रतिनिधिले जनताको हितमा काम गर्नका लागि मिहिनेत गर्नेछ भन्ने अपेक्षा नै कमजोर हुन्छ ।

# सहिदको मान कि अपमान ?



**अच्युतप्रसाद पौडेल 'चिन्तन'**

देश चुनावमा होमिएको छ । मौसम बेमौसम जहिले पनि भइरहेको छ चुनाव तर चुनाव ल्याउने वातावरण तयार गर्ने सहिदहरूको भने घोर अपमान भइरहेको छ, यसो भनौं देश सहिद उत्पादन गर्ने कारखाना हो, बस्तु उत्पादन त भएको छैन र देश ठूलो व्यापारघाटा र ऋण अनि बेरोजगारी र विप्रेषणमा छ । यहाँ खानैका लागि विदेशीले कोटा तोक्नुपर्ने भएको र धानको उत्पादन घटेको कृषि मन्त्रालयले भर्खरै भनेको छ । असमानता र गरिबीको ठूलो खाडल पनि यहीँ छ। माघ १६ सहिद दिवस, हप्ता पूरै सहिद सप्ताह, देशमा धेरै छन् सहिदहरू । २००७ सालपूर्वका मुख्य सहिदहरू दशरथ चन्द, धर्मभक्त मातेमा, शुक्रराज शास्त्री र गंगालाल श्रेष्ठ जसले ढाल्यो एकतन्त्रीय शासन । त्यसपछि पनि एकतन्त्रीय शासन कायमै रहेको त गत भदौका दर्जनौं सहिदहरूले पुष्टि गरेका छन्। सहिद धेरै भए झैं यसका स्मरण क्षेत्र, बाटाघाटा, पार्कहरू नै अनगिन्ती छन् देशमा। देशका लागि जीवन उत्सर्ग गर्ने वास्तविक सहिद हो। तर जोकोही पनि सहिदमा दर्ज गराउने र ढुकटी रित्याउने परम्परा बसाल्ने उन्नत लोकतन्त्र अहिले नेताहरूकै कारण लजाएको अवस्था छ र त सिंहदरबार लाजको घुम्टो ओढेर शिर निहुराएर बसेको छ।

जनताका नाममा गिर खेल्ने नेतृत्व तुइन चढेर भाग्दा पनि, साह्रा संयन्त्रहरू धुलिसाफ हुँदा पनि अहंकार ताजै गरेर जनतासामु तेर्सो पर्न गएको छ, अझै आत्मग्लानिको कतै छैन संकेत । काँक्रो चिरा पारे झैं देशलाई चिरा पारेर बाइसी-चौबिसीका नाममा रजाइँ गर्नेहरूलाई राष्ट्रनिर्माताले मिलाए तर उनको नाम लिनलाई यति धेरै वर्ष कुर्नु परेको छ, यसपालिमात्रै केही चहलपहल देखियो, पुस २७ को । लोकतन्त्रले ल्याएको १ नं प्रदेशको औपचारिक नाममा अझै लफडा छ र मधेसतिर त्यस्तै समस्या छ। धाँजा फाटेको देश हेरेर अमूक राजनैतिक कम्पनीहरूका स्वार्थपूर्ति गर्नैका लागि कोही नेपाली सहिद भइदिएको पक्कै होइन।

नेपालीको चित्कार खाडी बा मलेसिया बा आर्यघाटको बाकसबन्दीका लागि पनि होइन, ६ महिनामा १२ खर्ब रेमिट्यान्स ल्याएर देशको अर्थतन्त्र धान्ने र पुँजीगत खर्च भनौं विकासको प्रयोजनमा हुने खर्च चुनावका लागि होमेर कसैलाई देश लुछ्ने इजाजत दिने गरी सिंहदरबार, शीतल निवास वा बालुवाटारको रजाइँ गर्न दिनका लागि पनि होइन, थिएन । धर्म, संस्कृति, संस्कार र भूगोलसमेतलाई बिर्सिएर आफ्नै नाममा दीपावली गराएर भोलिपल्टै सडकभरि नारा जुलुस, घरघरमा ढुंगा हान्ने जस्ता कर्महरूका लागि पनि होइन ।

२०६३ माघ ५ गते लहानमा विद्यार्थी नेता रमेश महतोको गोलीबाट मृत्यु भएको सम्झना आउँछ, राणाकालमै मधेसी समुदायको हकबारे सन् १९४८ मा नागरिक सेवामा संलग्न नरेन्द्रमणिले प्रधान मन्त्री पद्मशमशेरलाई मधेसमाथिको भेदभाव अन्त्य गर्न सुझाएको सम्झना आउँछ, राणाशासनको जल्दोबल्दो पदमा रहेका उनलाई राणाशासन ढलेपछि बीपीले कंग्रेस पार्टीमा ल्याएर महोत्तरीको अध्यक्ष बनाएको सम्झना आउँछ, सन् १९६० मा महेन्द्रले कंग्रेस नेतृत्वको सरकारलाई अपदस्थ गरेपछि महोत्तरी, सप्तरी, सर्लाही, रौतहट, बारा, पर्साबाट निरकुंशताविरुद्ध आन्दोलनको सम्झना आउँछ, राजा महेन्द्रलाई बम हान्ने दुर्गानन्द झालाई २०२० माघ १५ मा फाँसी दिइएको पनि याद आइरहेको छ।

सन् १९५१ मै तराई छुट्टै स्वशासित प्रदेश हुनुपर्छ भन्दै माग गरिएको, हिन्दी भाषालाई राष्ट्रिय भाषा माग गरिएको, वीरगन्ज काण्डमा थुप्रै मधेसी नेता समातिएको र २०२० को नागरिकता ऐनले अलिक कडाइ गरे पनि २०४६ सालपछिका दिनमा धेरै विदेशीहरू नेपाली भइसकेको कति सम्झना गर्ने ? पूर्वपश्चिम राजमार्गले झापादेखि महेन्द्रनगरसम्मको आउजाउ सहज भएको हो । औंलो उन्मूलनको अभियानसहित पहाडी मूलका नेपालीलाई दक्षिण सिमानामा लगेर राखिएको हो । राष्ट्रियता बलियो पार्ने यो अभियानमा जनतालाई पुनर्बास गराउँदै तराई, पहाड मिश्रण संस्कृतिलाई बढावा दिइएको हो, अहिले पनि बीरगन्ज ठूलो व्यापारिक नाका भएकै छ । मधेस प्रदेशले समस्या दिलायो भने काठमाडौंको घाँटी के हुन्छ ? अस्तितिर चुनावी माहोलमा काठमाडौंका मेयर पुगेका छन् जनकपुरमा, व्यापक जनलहर पनि छ, चुनावी सम्बोधन गर्दै उनी झापा पुगेका र जनलहर देख्दा लाग्छ अब त देशमा केही असल परिवर्तन हुन्छ तर यसअघि पनि नेताहरूले धेरै दिवास्वप्न देखाए र अन्तत: देशको शिर सिंहदरबार नै निहुरियो, लाज नै लजायो, अतीत र विगतको विरासत बोक्दैनन् अबकाले भन्ने भीष्म प्रतिज्ञा पनि आउनुपर्छ कि ?

कति सहने र कति रडाको मात्रै हेर्ने यी आँखाहरूले, अब अतिसार भइसकेको छ। मधेसको मात्र अवधारणाले हुन्न, पूर्वदेखि पश्चिमसम्म सबैतिर रहेका अन्य मधेसी मूलगायत पहाडी मूल सबैको आत्मसम्मान हुने वातावरण बन्नुपर्छ। मिथिला संस्कृति बोकेको ऐतिहासिक क्षेत्र र विदेह जनकको मुटु हो सिंगो नेपाल। प्रदेश सरकार हरूले ठूलाठूला भाषण गरेका छन्, खिचडीजस्ता बनेका छन्, केन्द्र नै बिग्रिएपछि तल सप्रने कसरी ? सहिद आश्रित परिवारको बिचल्लीलाई हेर्दैनन् भन्ने जनगुनासो छ। सहिद

बाँकी तेश्रो पृष्ठमा⇨

# आश्वासनको अत्तर कि समृद्धिको सोपान!

**गोपीकृष्ण ढुंगाना**

आकाशको फल आँखा तरी मर!' नेपाली समाजमा उखान पुरानो भए पनि यसको सान्दर्भिकता हरेक निर्वाचनमा नयाँ भएर आउँछ मानौं तुहिइसकेको सपना पुन: मुझिँदैछ, साकार हुनेवाला छ । यतिबेला गाउँका कच्ची सडकहरूमा धुलो उडाउँदै पजेरोहरू दौडिन थालेका छन् । हिजोसम्म 'नमस्ते' फर्काउन फुर्सद नहुने नेताहरू आज वृद्धवृद्धाका गोडा ढोग्दै आशीर्वाद मागिरहेका छन्। प्राकृतिक अवस्थाले चिसिएको/सेलाएको यो नेपाली भूगोल निर्वाचनका कारण भने मौसम नै तातेको महसुस भइरहेछ। निर्वाचनको मौसम यसरी तातेको छ- मानौं, नेपालका राजनीतिक दलहरू समृद्धि सपनाका लागि 'विकास'को यस्तो अत्तर छर्न थालेका छन्, लाग्छ- अबको पाँच वर्षमा नेपालको माटोबाट सुन फल्नेछ। तर, विगतको अनुभवले भन्छ- निर्वाचनअघिका घोषणापत्रहरू केवल 'रंगीन सपनाका बिम्ब'मात्र हुन्, जुन चुनाव सकिएपछि धुलोले भरिएका दराजमा थन्किन्छन् र तिनलाई धमिराले कतिबेला कुरूप बनाउँछ कसैलाई पत्तो हुँदैन ।घोषणापत्रको भुलभुलैया र दलीय आश्वासन : नेपालका प्रमुख दलहरू- नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी, रास्वपा र राप्रपा- सबैका घोषणापत्र पल्टाउने हो भने लाग्छ, नेपाल अब विकासको 'रकेट'मा चढिसक्यो । कांग्रेसले १० हजार मेगावाट बिजुलीको सपना बाँडेको थियो । समुन्नत नेपाल बनाउन पूर्व-पश्चिम राजमार्ग, फास्ट ट्र्याक सम्पन्न गर्ने र देशभर उच्चगतिको इन्टरनेट प्रदान गर्ने आदि सपना कांग्रेसले बाँडेको थियो । एमालेले खर्बौंको अर्थतन्त्रसँगै अन्तरदेशीय रेलमार्ग र पानीजहाजको कथा सुनाइरहेको थियो। अनि प्रतिव्यक्ति पाँच हजार डलर आय पुऱ्याउनेदेखि प्रत्येक प्रदेशमा कम्तीमा एक औद्योगिक क्षेत्र निर्माण हुँदै कोही पनि आवासविहीन हुन नदिनेसम्मका सपना एमालेले बाँडेको थियो। माओवादीले विकासलाई समाजवाद उन्मुख र उत्पादनमुखी बनाउने सपना देखाएको थियो। प्राविधिक शिक्षालाई ७० प्रतिशत पुऱ्याएर रोजगारी खोज्ने नभई सिर्जना गर्ने जनशक्ति उत्पादन गर्ने उसका आश्वासन थिए । उसले भनेका प्रत्येक पालिकामा आधुनिक कृषि बजार र शीतभण्डार खै ? नयाँ अनुहार लिएर आएको रास्वपाले 'डिजिटल नेपाल र भ्रष्टाचारमुक्त विकास'को जादुमयी छडी देखाएको थियो । रास्वपाको सपना सरकारी सेवालाई पूर्ण पेपरलेस बनाउने 'डिजिटल गभर्नेन्स' कता तुहियो ? पुँजीगत लगानी भिऱ्याउन कूटनीतिक र कानुनी सुधार गर्ने भनेको रास्वपाको काम कहाँ पुगेको छ ? निर्वाचनताका दिएको उसको अर्को आश्वासन- 'देशभरका सबै वडामा खेलमैदान र पार्क निर्माण' कार्य के कति भए ? 'सुदृढ स्थानीय अर्थतन्त्र'को एजेन्डा लिएर गत निर्वाचनमा होमिएको राप्रपाले त्यो सपना पूरा गऱ्यो ? सनातन पहिचानलाई विकाससँग त जोडेको थियो तर त्यसबाट समृद्धि प्राप्त हुने दाबी के कति पूरा भयो ? श्रीपशुपतिनाथ, लुम्बिनी र मुक्तिनाथ करिडोर बनाएर धार्मिक पर्यटनबाटै देशको विकास गर्ने भनेर मत मागेको राप्रपाको काम कति प्रतिशत भयो ? विडम्बना! 'बोल्नेको पिठो बिक्छ, नबोल्नेको चामल पनि बिक्दैन' भने झैं दलबीच कोभन्दा को बढी गफ दिने भन्ने प्रतिस्पर्धा चाहिँ पक्कै पूरा भएथ्यो, अघिल्लो निर्वाचनमा। घोषणापत्रमा लेखिएका चिल्ला अक्षरहरू र गाउँका भत्किएका सडकहरूबीच कुनै साइनो देखिएन, भेटिएन। फ्रान्सेली दार्शनिक भोल्टेयरले भनेका थिए- 'राजनीति भनेको झुटो बोल्ने कला मात्र होइन, बरु मानिसहरूलाई विश्वास दिलाउने कला हो मानौं, उनीहरूका झुटहरू सत्य हुन् ।' आज नेपालका नेताहरू यही कलामा खप्पिस भएका छन् भन्दा अत्युक्ति नहोला । चुनावपछि हराउने नेता : अमेरिकाका पूर्वराष्ट्रपति अब्राहम लिंकनले भनेका थिए- 'लोकतन्त्र जनताको, जनताद्वारा र जनताका लागि हो ।' तर नेपालमा त्यही लोकतन्त्र 'नेताको, नेताद्वारा र नेताका नातागोताका लागि'मात्र भएको छ । चुनावअघि नेताहरू 'जनताका सेवक' हुन्छन्, चुनाव जितेपछि 'भगवान्' बन्छन्, मानौं ती अदृश्य हुन्छन्। जितेपछि उनीहरूलाई भेट्न पनि 'सिंहदरबार'को कडा सुरक्षा घेरा पार गर्नुपर्छ। 'काम गर्ने कालु, मकै खाने भालु' भने झैं दु:ख गर्ने जनता सधैं रित्तो हातमा, गफ दिने नेता सधैं सत्ताको मातमा । हाम्रो निर्वाचन प्रणाली यति खर्चिलो भएको छ कि एउटा उम्मेदवारले करोडौं खर्च नगरी चुनाव जित्नै सक्दैन । अनि, जसले करोडौं खर्च गरेर जित्छ, उसले पाँच वर्ष त्यो खर्च असुल्नमै बिताउँछ । विकास त केवल 'देखाउने दाँत' मात्र बनिदिन्छ।

विकासका पाँच सूत्र : अब नारा होइन काममा २०८२ को निर्वाचन जसले जित्छ, उसले देशको समग्र विकासका लागि समृद्धिका यी पाँच सूत्रहरू- रणनीतिक पूर्वाधार, डिजिटल अर्थतन्त्र, हरित ऊर्जा, उच्च मूल्यको कृषि र उच्चस्तरीय पर्यटन- अपनाउने छ। जुन नेपालको भूगोलका लागि 'सञ्जीवनी बुटी' हुन्। दलका घोषणापत्रमा यी विषय नभएका होइनन्, तर त्यसलाई कार्यान्वयन गर्ने स्पष्ट मार्गचित्र, जिम्मेवारी, जवाफदेही र इमानदारी भने कतै देखिँदैन। पूर्वाधार र सडक सञ्जाल : नेपालको भूगोल सुहाउँदो सडक सञ्जाल, सुरुङमार्ग र द्रुतमार्ग आजको आवश्यकता हो। तर, यहाँ सडक र पुल निर्माण भनेको नेता र ठेकेदारहरूको 'दुहुनो गाई' झैं बनेका छन् । 'काग कराउँदै गर्छ, पिना सुक्दै गर्छ' भने झैं हुन्छ भ्रष्टाचारको सवाल । अचम्म त यो छ कि जनता धुलो खाएर रोगी हुँदै प्राण त्याग्न विवश भइरहँदा नेताहरू हेलिकप्टरमा विकासको निरीक्षण गरिरहन्छन् । भूगोल सुहाउँदो विकासभन्दा पनि 'भोट' सुहाउँदो विकासमा हाम्रो राजनीति केन्द्रित छ ।२. डिजिटल नेपालको नयाँ संसार : नयाँ दलहरूले '

बाँकी तेश्रो पृष्ठमा⇨

# अन्तर्राष्ट्रिय समाचार

## बेलायती सांसदमाथि चीनले लगाएको प्रतिबन्ध फुकुवा गरेको प्रधानमन्त्री स्टार्मरको दाबी



**काठमाडौं,१७ माघ ।**

चीनको उइगुर अल्पसंख्यक समूहमाथि भएको कथित मानवअधिकार उल्लंघनको आलोचनाका लागि बेलायतका पाँच सांसद र दुई सहकर्मीमाथि लगाइएको प्रतिबन्ध फुकुवा गर्न चीन सहमत भएको शुक्रबार बेलायतका प्रधानमन्त्री केइर स्टार्मरले बताएका छन् ।

सांसदहरूलाई चीन प्रवेश गर्न प्रतिबन्ध लगाइएको थियो र सन् २०२१ मा चिनियाँ संस्थाहरूलाई उनीहरूसँग व्यापार गर्न प्रतिबन्ध लगाइएको थियो । बेइजिङले आफ्नो सिन्जियाङ क्षेत्रमा मुस्लिम उइगुर अल्पसंख्यकहरूप्रति चीनले गरेको व्यवहारलाई लिएर उनीहरूले 'झूट र गलत सूचना' फैलाएको आरोप लगाएको छ । प्रभावित हुनेमा सन् २०१६ सम्म सुरक्षामन्त्री टम टुगेनधाट र पेन्सनमन्त्री इयान डंकन स्मिथ रहेका छन् । 'मैले त्यो मुद्दा उठाएको थिएँ र चिनियाँहरू प्रतिक्रियामा पूर्ण रूपमा स्पष्ट छन्, प्रतिबन्धहरू अब लागु हुँदैनन् । राष्ट्रपति सीले मलाई भन्नुभयो कि यसको मतलब सबै सांसदहरूलाई स्वागत छ,' स्टार्मरले एक बेलायती टेलिभिजनसँगको अन्तर्वार्तामा भने । विश्वको दोस्रो ठूलो अर्थतन्त्रसँग आर्थिक सम्बन्ध बढाउनका लागि चीन भ्रमणका क्रममा उनले भने, 'यसले के देखाउँछ भने यदि हामी वार्ता र सहकार्यलाई जारी गऱ्यो भने अप्ठ्यारा मुद्दाहरू पनि उठाउन समाधान गर्न सकिन्छ ।' स्टार्मरको भ्रमणलाई लिएर अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आलोचना गरेका थिए भने यसको बेलायतमा समेत आलोचना भएको थियो । बेइजिङमाथि सन् २०१७ देखि १० लाखभन्दा बढी उइगुर र अन्य मुस्लिमहरूलाई हिरासतमा राखेको आरोप लगाइएको छ, जुन प्रमाणित भएमा संयुक्त राष्ट्र संघले 'मानवता विरुद्धको अपराध' मान्नसक्ने अभियानको एक हिस्सा हो । चीनले आफ्नो नीतिले सिन्जियाङमा अतिवादलाई जरैदेखि उखेलेको र आर्थिक विकासलाई बढावा दिएको भन्दै आरोपको कडा खण्डन गर्दै आएको छ ।

## मध्यपूर्व तनावबीच अमेरिका-इजरायल-साउदी अरब हतियार सम्झौता



**काठमाडौं,१७ माघ ।**

संयुक्त राज्य अमेरिकाले इजरायल र साउदी अरबलाई ठूलो परिमाणमा हतियार बिक्री स्वीकृत गरेको छ । ट्रम्प प्रशासनले इजरायलका लागि ६ अर्ब ६७ करोड अमेरिकी डलर र साउदी अरबका लागि नौ अर्ब अमेरिकी डलर बराबरको हतियार सम्झौता अनुमोदन गरेको छ । अमेरिकाले साउदी अरबलाई ७३० वटा पैट्रियट मिसाइल र सम्बन्धित उपकरणहरू दिइने छन्, जसले क्षेत्रीय हवाई र मिसाइल रक्षा क्षमता बढाउनेछ । इजरायलले बख्तरबन्द ,३० वटा 'एपाच' हेलिकप्टर र तीन हजार २५० हल्का ट्याक्टिकल वाहनहरू खरिद गर्ने छन् । एपाच हेलिकप्टर र उपकरणको लागत तीन अर्ब ८० करोड अमेरिकी डलर र हल्का ट्याक्टिकल वाहनको लागत एक अर्ब ९८ करोड अमेरिकी डलर रहेको छ । अमेरिकी प्रशासनले यी बिक्रीले क्षेत्रीय सैन्य सन्तुलनमा प्रतिकूल असर नपर्ने र दुबै देशलाई आफ्नो सीमा र जनसङ्ख्या केन्द्रको सुरक्षा सुनिश्चित गर्न सहयोग पुग्ने भनेका छन् । यद्यपि केही अमेरिकी नेताहरूले यस सम्झौता अघि बढाइएको आरोप लगाएका छन् । यो निर्णय मध्यपूर्वमा बढ्दो तनाव र सम्भावित सैन्य गतिविधिसँग सम्बन्धित रूपमा आएको हो ।

## संयुक्त राष्ट्रसंघले वित्तीय संकटको सामना गरिरहेको छ : गुटेरेस



**काठमाडौं,१७ माघ ।**

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले सदस्य राष्ट्रहरू वार्षिक योगदान र संरचनात्मक कोष जम्मा गर्ने विषयमा पछाडि परेको कारण विश्व निकाय वित्तीय संकटको बाटो तर्फ गइरहेको चेतावनी दिएका छन् । परिस्थितिगत गम्भीरताको विवरण सहित संयुक्त राष्ट्रका सबै सदस्य राष्ट्रहरूलाई सम्बोधन गर्दै गुटेरेसले वित्तीय नियमहरूमा सुधार गर्न वा संगठनको वित्तीय पतनको वास्तविकताको सामना गर्न आग्रह गरेका छन् । अल जजिराका अनुसार उनले सम्बन्धित देशहरूलाई आफ्नो बकौता तिर्न पनि आह्वान गरेका छन् । संस्थाको वित्तीय कमजोरीलाई उजागर गर्दै प्रवक्ता फरहान हकले विगतका वर्षहरूमा गरे जस्तै काम गर्न नगद भण्डार र तरलता नभएको पत्रकारहरूलाई बताएका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बहुपक्षीय निकायका लागि वासिङ्टनको आर्थिक सहयोग कटौती गर्न कदम चालेको समयमा यो अपिल आएको हो । ट्रम्प प्रशासनले संयुक्त राष्ट्रका धेरै एजेन्सीहरूबाट फिर्ता हुने योजना घोषणा गरेको छ भने ट्रम्पले 'बोर्ड अफ पिस' को पहललाई पनि बढावा दिएको जनाइएको छ । विद्यमान प्रणाली अन्तर्गत, संयुक्त राष्ट्रसंघको सदस्यता शुल्क घरेलु उत्पादन, ऋण स्तर र आर्थिक क्षमता जस्ता कारकहरूको आधारमा गणना गरिन्छ, जसमा संयुक्त राज्य अमेरिकाले मुख्य बजेटको २२ प्रतिशत, भने चिनले २० प्रतिशत योगदान गर्दछ । यसैबीच गुटेरेसले सन् २०२५ को अन्त्यमा, एक अर्ब ५७ करोड अमेरिकी डलर भुक्तानी बाँकी रहेको बताएका छन् । सुधारको आवश्यकतालाई जाड दिदै, उनले सबै सदस्य राष्ट्रहरूले पूर्ण र समयमै भुक्तानी गर्ने आफ्नो दायित्वका पूरा गर्नु पर्ने वा सदस्य राष्ट्रहरूले आसन्न वित्तीय पतन रोक्नका लागि विद्यमान नियमहरूलाई सुधार गर्नु पर्ने बताएका छन् । आर्थिक दबाब बढ्दै जाँदा पनि संयुक्त राष्ट्रसंघले यस महिनाको सुरुमा सन् २०२६ का लागि तीन अर्ब ४५ करोड डलरको बजेट स्वीकृत गरेको छ जुन गत वर्षको तुलनामा ७ प्रतिशतले कम हो । सम्बोधन पत्रमा गुटेरेसले आगामी जुलाईसम्ममा संयुक्त राष्ट्रसंघको नगद भण्डारण समाप्त हुने सक्ने चेतावनी दिएका छन् । सङ्गठनको वेबसाइटमा प्रकाशित तथ्यांकले बिहीबारसम्म, संयुक्त राष्ट्रका १९३ सदस्य देशहरू मध्ये ३६ वटा ले मात्र आफ्नो नियमित २०२६ योगदानहरू पूर्ण रूपमा भुक्तान गरेको देखाउँछ ।

## सहिदको मान...........

परिवारको घाउमा मलम नलागेका बग्रेल्ती समाचार आइरहेका छन् । विदेशीको रिमोर्ट हुनुहुन्न र तिनको गोटीमा देश चल्नुहुन्न, स्वाभिमान नै सहिदको सपना हो । चन्द्र-सूर्य अंकित झण्डा जल्दै पारिबाट ढुंगा बर्सिएको पनि हामीले बिर्सेका छैनौं, महिनौंसम्म सर्वसाधारणको चुलो बन्द भएको पनि । राष्ट्रिय पोसाकमा गौरव हुनुपर्छ, कमसेकम औपचारिक कार्यक्रमहरूमा चाहे काठमाडौं होस् वा कतै । वारितिरको पद लिने, पारि बिहेवारी गर्ने अतीत छ । असल सहिदहरूले देशको स्वाभिमानमा कुल्चिएको वा परदेशीले धावा बोलेको सहन सक्दैनन् । लिपुलेक, कालापानीमा चुनाव हुन्छ अहिले ? रासन, शिक्षा, स्वास्थ्य वा मतदाताको रेकर्ड छ त्यहाँको ? कि संविधानमा के छ नक्सा, सिद्धान्त एकातिर व्यवहार अर्कोतिर राखेर चुनावी घोषणापत्र मात्रैले देश उँभो लाग्दैन, २०५२ सालकै कुरो हो रासायनिक मल कारखाना खोल्ने भनेको । देशमा सञ्चालित संघीय प्रणालीलाई उच्च लोकतान्त्रिक भनिएको छ । यो संविधान अनुरूप हालको व्यवस्थाको सूत्रपात बाह्रबुँदे दिल्ली सम्झौता हो । भनिन्छ, अहिलेको व्यवस्था ल्याउनुमा हजारौं सहिदको बलिदानी, त्याग, तप छ, साँच्चै हजारौंले रगत बगाएका पनि हुन् । तर देशमा लोकतन्त्रको मुहार संसद् निद्रामा रह्यो, कोमामा गयो, ब्युँझिँदा पनि जनताको मुद्दा उठेन, कुरूप बन्यो स्वतन्त्र न्यायपालिकाको धज्जी उड्यो, कार्यपालिकाको स्रोत अदालत बन्यो, मतदाता निरीह भए, भोट दिने एक दिन शासक अरूबेला शाषित । धीत खोलेर रुन हाँस्न पाएनन्, करको मारमा परे, अभिभावक भनिएको सरकार सत्तामा रमायो, सिद्धान्त र निष्ठा बेगर गठजोडमा रमायो । सहिदले ल्याएको लोकतान्त्रिक शासन प्रणालीमा जनताको उच्चतम सहभागिता हुनुपर्ने थियो भएन, समानुपातिकका नाममा भेटी मोटो थैली बुझाउनुपर्ने, शासनमा परिवार मोह, नाता, कुटुम्ब, छोरी, बुहारीको लर्को, प्रेमिकालाई पनि पद, बिचरा सहिद धेरै उदार रहे हाम्रा । साभार ईकान्तिपुर ।

## आश्वासनको अत्तर.......

डिजिटल नेपाल'को निकै ठूलो हौवा पिटेका छन् । तर, दुर्गममा एउटा नागरिकले नागरिकता लिन हप्तौं कुर्नुपर्ने अवस्था छ । प्रविधि भनेको केवल फेसबुक, टिटर, टिकटक र इन्स्टाग्राम आदि चलाउनुमात्र होइन, यसले त सेवा प्रवाहलाई पारदर्शी बनाउनुपर्ने हो । 'मुखमा रामराम, बगलीमा छुरा' भने झैं 'डिजिटल दुनियाँ'को गफ दिनेहरू नै भ्रष्टाचारका पुराना फाइल लुकाउन व्यस्त छन्, बाध्य छन् ।

३. नवीकरणीय ऊर्जा र जलविद्युत् : दलहरूले हजारौं मेगावाटको सपना देखाउँछन्, तर एउटा सामान्य प्रसारण लाइन बनाउन दशकौं लगाउँछन् । कैयौं उदाहरण छन्, बिना कमिसन एउटा फाइल ओल्लो टेबलबाट पल्लो टेबलसम्म सर्दैन, करोडौं, अरबौंका लगानी योजना/आयोजनामा 'कमिसन' कसरी चल्मलाउँदो हो ? 'नदीको पानी, सबैको लगानी' भन्दै नारा लगाइन्छ तर कमिसनको चक्करमा विदेशी कम्पनीलाई आयोजना बुझाउन हानाथाप गरिन्छ। जबसम्म ऊर्जालाई व्यापारको वस्तु मात्र नभई औद्योगिक उत्पादनको आधार बनाइँदैन, तबसम्म ऊर्जा क्रान्ति केवल कागजमै सीमित रहनेछ । अब भनेको नवीकरणीय ऊर्जा नै एकमात्र विकल्प हो, समृद्ध नेपालको । साभार ईकान्तिपुर ।

## तीनदिने दोस्रो.............

तथा श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, पिपरा बजारले चौथो स्थान हासिल गरेका छन् । मापन कार्यक्रममा गाउँपालिका अध्यक्ष शम्भु प्रसाद यादव, उपाध्यक्ष सुनैना कुमारी चौधरी, प्रमुख प्रशासकीय अधिकृत नागेन्द्र यादव, स्वास्थ्य शाखा प्रमुख जितेन्द्र पासवान, लेखा सहायक धिर्जानन्द साह, शिक्षा सह-संयोजक उमेश प्रसाद यादव, विभिन्न विद्यालयका प्रधानाध्यापक, पूर्व शिक्षा संयोजक, शिक्षक-शिक्षिका तथा सञ्चारकर्मीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

## पर्सा-३ को.................

तहमा कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

भेलामा सहभागी नेता तथा कार्यकर्ताहरूले नेकपा एमालेको नेतृत्वमा मात्रै पर्सा-३ को समग्र विकास सम्भव हुने विश्वास व्यक्त गर्दै आगामी निर्वाचनमा रूपेश पाण्डेको नेतृत्वलाई निर्णायक बनाउने संकल्प व्यक्त गरेका छन् ।

# स्वास्थ्य

## गर्भ रहेको चौथो महिना के हुन्छ ?




जब महिला गर्भावस्थाको चौथो महिनामा प्रवेश गर्छिन्, उनको पहिलो त्रैमासिक समाप्त भई दोस्रो त्रैमासिक सुरु हुन्छ । पहिलो त्रैमासिक सकिएलगत्तै महिलाको दैनिकीमा प्रभाव पार्ने केही समस्याबाट राहत मिल्छ । जस्तो, बिहानपख हुने वाकवाक, खानेकुराको गन्ध आउने र रिङ्गटा लाग्ने जस्ता समस्या कम हुन्छ । यस्तो अवस्थामा महिलाहरू अलि ऊर्जावान् रहन्छन् । यो समस्या पहिलेको भन्दा पेटको आकार बढ्ने, दिमाग शान्त रहने र भोक तीव्र रुपमा बढ्छ । के कस्ता परिवर्तन यो महिनामा देखिन्छन् त ?

-के यो अवधिमा महिलाको पाठेघरको आकार र बच्चाको शरीरको आकार पनि थोरै बढ्छ । जस कारण पेट अलि ठुलो देखिन्छ । - हर्मोनल परिवर्तनका कारण छाती पोल्ने र अपचको समस्याले पाचन प्रणाली प्रभावित बन्न सक्छ । - बच्चाको विकास भइरहेको हुँदा पेटमा रातो, खैरो वा बैजनी धर्साहरु देखिन सुरु हुन्छ । - कुनै खानेकुराको तृष्णा अत्यधिक हुनसक्छ । - केही महिलाको मुटुको धड्कन तीव्र हुन्छ । कहिलेकाहीं रगतको कमीले पनि यस्तो हुनसक्छ । - गर्भावस्थाको समयमा पाठेघर बढ्दै जाँदा लिगामेन्टहरू फैलिन्छन् । यसले तल्लो पेटको दुखाइ निम्त्याउन सक्छ, जुन या त सुस्त वा तेज महसुस गर्न सक्छ । - पिसाब पहिलाको जस्तो पटक-पटक आइरहने हुँदैन ।

- पहिलो त्रैमासिकको भन्दा बढी निद्रा लाग्छ । **बच्चाको विकास** - यो महिनाको अन्तिमसम्म बच्चा ४ देखि ५ इन्च बढ्छ । तौल लगभग ११० देखि १४० ग्रामको हुन्छ ।

- मांसपेशीको शक्ति बढ्नुका साथै प्रजनन् अंग, मस्तिष्क, हाडहरु विकसित हुन्छ । - आँखा र कान विकसित भइसकेको हुन्छ । यही महिनाबाट शिशुले गर्भ बाहिर आउने आवाज सुन्न सक्छन् । बच्चालाई सङ्गीत र सकारात्मक कुराहरू सुनाउने उपयुक्त समय हो । - बच्चाको हलचल महसुस हुन थाल्छ । जुन महिलाको लागि अविस्मरणीय हुन जान्छ । - हात र खुट्टाहरू मुट्ठी पार्ने र समात्ने जस्ता केही चालहरूमा पनि काम गरिरहेको छ ।

**के कस्ता जाँच गराउने ?** यो महिनामा न्युरल ट्युब र नेजल बोन परीक्षण गरिन्छ । यी दुई परीक्षणले बच्चाको विकास कसरी भइरहेको छ ? कुनै डाउन सिन्ड्रोमको जोखिम कतिको छ भनेर देखाउँछ । अल्फा-फेटोप्रोटिन परीक्षण गरी स्नायु दोषहरू पत्ता लगाउन गरिन्छ ।

यो महिनामा टिटानसको खोप दिइन्छ । ताकि, टिटानस र लहरेखोकीबाट बच्न सकोस् ।

**के खाने ?** गर्भावस्थामा सन्तुलित खानेकुरा खान सकिन्छ । जसमा फलफूल, हरियो सागपात, ड्राइफ्रुट्स, सम्पूर्ण अन्न, प्रोटिन, डेरी उत्पादन, माछा मासु खान सकिन्छ । यी सबै खानेकुरा कति खाने ? भन्ने कुरा चिकित्सकलाई सोध्नु उपयुक्त हुन्छ । फोलिक एसिडसँगै आइरन र क्यास्लियम पनि यो महिनाबाट सुरु गरिन्छ । **के नखाने ?** - बजारिया खानेकुरा र कार्बन एसिड पेय सकेसम्म खानु हुँदैन ।

- जबर्जस्ती टन्न र एकदमै कम पनि खानु हुँदैन ।

निर्धारित मापदण्डको पाल्ना गरौं, नक्सा पास गरी निर्माण कार्य गरौं ।
परवानीपुर गाउँपालिकाको कार्यालय,परवानीपुर, बारा

सडक किनारमा गाई,वस्तुको साथै घर पालुवा जानवर नबाधौं,नाद,खुटा आदी नराखौं ।
करैयामाई गाउँपालिकाकोकार्यालय करैया, बारा

शौचालय निर्माण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
बिन्दवासिनी गाँउपालिकाको कार्यालय, बिन्दवासिनी, पर्सा

# मधेशमा ड्रोन र सीसी क्यामराबाट मतदानस्थलको निगरानी



**बीरगन्ज,१७ माघ ।**

प्रतिनिधि सभा निर्वाचन स्वच्छ, निष्पक्ष र शान्तिपूर्ण रूपमा सम्पन्न गराउन मधेश प्रदेशभर कडा सुरक्षा व्यवस्था लागू गरिएको छ । प्रदेश प्रहरी कार्यालय जनकपुरका अनुसार तीन तहको सुरक्षा परिचालन गरिएको छ भने अतिसंवेदनशील मतदानस्थलमा ड्रोन र सीसी क्यामेरामार्फत निगरानी गरिँदैछ । मधेश प्रदेशका आठ जिल्लामा दुई हजार १६० मतदानस्थल र चार हजार ४७१ मतदान केन्द्र रहेका छन् । तीमध्ये ५७ प्रतिशत अर्थात एक हजार २३७ मतदान केन्द्रलाई अतिसंवेदनशील सूचीमा राखिएको प्रहरीले जनाएको छ । प्रदेश प्रहरी प्रमुख नायब महानिरीक्षक गोविन्द थपलियाका अनुसार मतदाताको चाप, विगतका घटनाक्रम, सामाजिक-सांस्कृतिक अवस्था, भौगोलिक बनावट, स्थानीय मनोभावना र राजनीतिक गतिविधिलाई आधार मानेर मतदानस्थलको वर्गीकरण गरिएको हो । यसअनुसार एक हजार २३७ मतदानस्थल अतिसंवेदनशील, ७६३ संवेदनशील र १६० मतदानस्थल सामान्य श्रेणीमा राखिएका छन् ।
खुला सीमा र विगतका अनुभवका कारण मधेशमा निर्वाचन सुरक्षा चुनौतीपूर्ण बन्दै गएको सुरक्षा निकायको निष्कर्ष छ । करिब ४६४ किलोमिटर खुला सीमाका कारण अवैध आवतजावत, दोहोरो मतदाता बन्ने प्रयास तथा अन्य अवाञ्छित गतिविधिको जोखिम रहेको जनाइएको छ । यस्ता चुनौतीलाई ध्यानमा राख्दै संवेदनशील क्षेत्रहरूमा सुरक्षा सक्रियता थप सुदृढ बनाइएको डिआइजी थपलियाले जानकारी दिनुभयो । उहाँका अनुसार निर्वाचनका लागि दुई हजार ६०० नेपाल प्रहरी र दुई हजार २९५ निर्वाचन प्रहरी परिचालन गरिनेछ । सशस्त्र प्रहरी बल र नेपाली सेनाको समेत सक्रिय सहभागिताले सुरक्षा घेरा बलियो बनाइएको छ । यसैबीच, सशस्त्र प्रहरी बल नेपाल नं २ छिन्नमस्ता वाहिनी मुख्यालयका डिआइजी कृष्ण ढकालले प्रदेशका आठै जिल्लामा चार हजार ३३६ सशस्त्र प्रहरी र दुई हजार ८३२ निर्वाचन प्रहरी तयारी अवस्थामा राखिएको जानकारी दिए । सशस्त्रले निर्वाचन अधिकृतका कार्यालय, सुरक्षा बेस, मोबाइल र स्ट्राइकिङ टोली तथा रिजर्भ फोर्समार्फत सुरक्षा व्यवस्था मिलाएको छ । महोत्तरी जिल्लाका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवका अनुसार जिल्लाका २५८ मतदानस्थलमध्ये ६३ प्रतिशत अतिसंवेदनशील, ३४ प्रतिशत संवेदनशील र बाँकी सामान्य श्रेणीमा रहेका छन् । भारतको बिहार राज्यसँग जोडिएको खुला सीमालाई ध्यानमा राख्दै सीमा सुरक्षा संयोजनलाई प्राथमिकता दिइएको उनले बताए । प्रजिअ यादवका अनुसार भारतको सीतामढी जिल्लासँग पुस २४ गते सीमा सुरक्षा बैठक सम्पन्न भइसकेको छ भने मधुवनी जिल्लासँग फागुन ९ गते जनकपुरमा संयुक्त सुरक्षा बैठक गर्ने तयारी भइरहेको छ । यसले निर्वाचन सुरक्षालाई थप प्रभावकारी बनाउने विश्वास लिइएको उनको बताए छ ।

# तीनदिने दोस्रो राष्ट्रपति रनिङ शिल्ड सम्पन्न

**बारा,१७ माघ ।**

करैयामाई गाउँपालिका-७ स्थित श्री जनता माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय) उमजनको प्राङ्गणमा तीनदिने पालिकास्तरीय दोस्रो राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सफलतापूर्वक सम्पन्न भएको छ । करैयामाई गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको आयोजनामा सम्पन्न प्रतियोगिता उत्साहपूर्ण वातावरणमा सञ्चालन गरिएको थियो । कार्यक्रम गाउँपालिका अध्यक्ष शम्भु प्रसाद यादवको प्रमुख आतिथ्यतामा तथा श्री जनता माध्यमिक विद्यालय उमजनका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बृज चौधरीको अध्यक्षतामा सम्पन्न भयो । पालिकाभित्रका विभिन्न विद्यालयहरूको सहभागिता रहेको प्रतियोगितामा प्रदर्शनका आधारमा श्री जनता माध्यमिक विद्यालय, उमजन प्रथम, श्री जन सामुदायिक माध्यमिक विद्यालय, मधुबन हरैया दोस्रो, श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय, तेतेरिया तेस्रो

बाँकी तेश्रो पृष्ठमा⇨

# मधेश सरकारको मनपरी सरुवा, एउटै कार्यालयमा दुई प्रमुख

**रौतहट,१७ माघ ।**

मधेश प्रदेश सरकारको अव्यवस्थित सरुवा निर्णयका कारण रौतहटस्थित पर्यटन विकास कार्यालय गौरमा एउटै समयमा दुईजना कार्यालय प्रमुख देखिएपछि प्रदेश सरकार विवादमा तानिएको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय जनकपुरधामबाट गरिएको मनपरी सरुवाले कार्यालय सञ्चालन नै प्रभावित बनेको छ । गएको माघ २ गते निमित्त प्रमुख सचिवस्तरको निर्णयबाट कार्यालय प्रमुखको जिम्मेवारीमा रहेका लेखा अधिकृत आठौं राजेश काफ्लेलाई काज फिर्ता गरी उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयमा कार्यरत राप्रतृतीय श्रेणीका इन्जिनियर कमलेश कुमार मिश्रलाई कामकाज सम्हाल्न खटाइएपछि विवाद सुरु भएको हो । तर, सरुवाको दुई दिन नबित्दै मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले पुन: पत्राचार गर्दै काफ्लेको काज फिर्ता कार्यान्वयन नगर्न निर्देशन दिएको थियो । यद्यपि मुख्यमन्त्री कार्यालयको सो पत्र बेवास्ता गर्दै उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयले माघ ६ गते इन्जिनियर मिश्रलाई नै निमित्त कार्यालय प्रमुखको जिम्मेवारी दिएको छ। एउटै चलानी नम्बर र मितिमा मिश्रले काफ्लेको काज फिर्ता र काफ्लेले मिश्रको काज फिर्ता गरेको कागजात सार्वजनिक भएपछि प्रशासनिक अन्योल झनै चर्किएको छ। प्रशासन उपसचिवको दरबन्दी भएको कार्यालयमा इन्जिनियरलाई निमित्त प्रमुख तोकिएपछि प्रदेश सरकारको निर्णयमाथि प्रश्न उठेको छ। मधेश प्रदेश सरकारका कामु प्रमुख सचिव कमलप्रसाद भट्टराईले आफूलाई यस सरुवाबारे जानकारी नभएको बताउँदै समस्या देखिए नियम-कानुनभित्र रहेर समाधान गरिने प्रतिक्रिया दिएका छन् । सरुवामा संलग्न निमित्त मुख्य सचिव रामकुमार महतोले पर्यटनमन्त्री मनिष पटेलको निर्देशनमा काफ्लेलाई हटाएर मिश्रलाई जिम्मेवारी दिएको बताए । पर्यटनमन्त्री पटेलले भने पर्यटन विकास कार्यालयको काम विकास निर्माणसँग जोडिएको भन्दै प्राविधिक पृष्ठभूमिका व्यक्तिलाई कार्यालय प्रमुख बनाइएको स्पष्ट पारे । यसैबीच, प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय रौतहटका प्रमुख प्रेम पोखरेलले मुख्यमन्त्री कार्यालयको पत्र ढिला आएकाले इन्जिनियर मिश्रको नाममा खाता सञ्चालन भएको जानकारी दिँदै कार्यालय प्रमुखको आधिकारिकता टुंगो नलाग्दासम्म भुक्तानी आदेश रोक्का गरिने बताएका छन् ।
पर्यटन विकास कार्यालय गौरमा दरबन्दीअनुसार अन्य कर्मचारीको अभाव रहेकाले सरकार फेरिँदा करार कर्मचारीमार्फत योजना सञ्चालन हुँदै आएको गुनासो पनि उठेको छ । मन्त्री पटेलकै निर्देशनमा प्रदेशका चारै वटा पर्यटन विकास कार्यालयका प्रमुख फेरिएका छन् । बारा-पर्सा क्षेत्र हेर्ने कार्यालयमा उपसचिव हुँदाहुँदै शाखा अधिकृतलाई प्रमुख बनाइएको विषयले कानुनी राज्य र सुशासनमाथि गम्भीर प्रश्न खडा भएको छ ।पर्यटन विकास कार्यालय पर्साकी उपसचिव बबिता जयसवाललाई अन्य मन्त्रालयमा सरुवा गरी शाखा अधिकृत अरविन्द यादवलाई निमित्त प्रमुख बनाइएको घटनाप्रति जयसवालले असन्तुष्टि व्यक्त गर्दै दरबन्दी मिचेर गरिएको सरुवाले प्रदेशमा बेथिति बढाएको टिप्पणी गरेकी छन् ।

# वीरगन्ज नाकाबाट विद्युतीय सवारीसाधनको आयात उल्लेख्य वृद्धि




**वीरगन्ज,१७ माघ ।**

चालु आर्थिक वर्षको पहिलो छ महिनामा वीरगन्ज नाकाबाट रु १ अर्ब ३६ करोड २९ लाख मूल्य बराबरका ४५६ वटा विद्युतीय सवारीसाधन आयात भएका छन् । गत आर्थिक वर्षको सोही अवधिको तुलनामा यस वर्ष विद्युतीय सवारीसाधनको आयात ३३२ वटा बढेको वीरगन्ज भन्सार कार्यालयले जनाएको छ । चालु आवको छ महिनामा विद्युतीय सवार ीसाधनको आयातबाट मात्रै रु ८७ करोड ८४ लाख राजस्व संकलन भएको छ ।
भन्सार कार्यालयका सूचना अधिकारी उदय सिंह विष्टका अनुसार, विद्युतीय सवारीसाधनको आयात बढेसँगै राजस्व संकलनमा पनि वृद्धि भएको छ । गत आवको पहिलो छ महिनामा भने रु ३० करोड २६ लाख मूल्य बराबरका १२४ वटा विद्युत्बाट चल्ने जिप, कार र भ्यान आयात भएका थिए, जसबाट रु २४ करोड २९ लाख राजस्व संकलन गरिएको थियो ।
यसै अवधिमा वीरगन्ज नाकाबाट रु ९३ करोड मूल्यका ४३४ वटा इन्धनबाट चल्ने जिप, कार र भ्यान आयात हुँदा रु २ अर्ब ५६ करोड राजस्व संकलन भएको छ । गत आवको पहिलो छ महिनामा भने रु १ अर्ब १७ करोड मूल्यका ५९२ वटा इन्धनचालित सवारीसाधन आयात भएका थिए, जसबाट रु ३ अर्ब ९ करोड राजस्व संकलन गरिएको थियो ।

# रास्वपा परित्याग गर्दै केही नेता-कार्यकर्ता जसपा नेपालमा प्रवेश



**जनकपुर,१७ माघ ।**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सप्तरीका केही नेता तथा कार्यकर्ता शनिबार पार्टी परित्याग गरी जनता समाजवादी पार्टी नेपालमा प्रवेश गरेका छन् । विष्णुपुर गाउँपालिकाका रास्वपा नेता मुनिलाल खंगसहित उनका समर्थकहरू सप्तरी निर्वाचन क्षेत्र नम्बर ३ अन्तर्गत जमुनी मधेपुरामा आयोजित अगुवा कार्यकर्ता भेटघाट कार्यक्रममा जसपा नेपालमा आवद्ध भएका हुन् । नवप्रवेशीहरूलाई जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले माला र टीका लगाएर पार्टीमा स्वागत गरे ।
खंग तत्कालीन जमुनी मधेपुरा गाउँ विकास समितिका पूर्वअध्यक्ष हुन् । केही समयअघि मात्रै रास्वपामा प्रवेश गरी स्थानीय तहमा सक्रिय रहँदै आएका उनी हाल जसपा नेपालमा आबद्ध भएका हुन् । कार्यक्रमपछि पार्टीका केन्द्रीय सचिव शैलेन्द्र प्रसाद साहले खंगसहितका नेता-कार्यकर्ता प्रवेश गरेसँगै सप्तरी क्षेत्र नम्बर ३ अन्तर्गत जमुनी मधेपुरा क्षेत्रमा जसपा नेपाल झनै सुदृढ भएको बताए । नवप्रवेशी नेता खंगले मधेस र मधेसी जनताको हकअधिकारका लागि जनता समाजवादी पार्टी नेपाल निरन्तर संघर्षरत रहेकाले आफू यसै पार्टीमा आबद्ध भएको बताए । उनले विकासको दृष्टिले पछाडि परेको सप्तरी जिल्लालाई समृद्ध बनाउने उद्देश्यले पार्टी अध्यक्ष उपेन्द्र यादवलाई भारी मत दिएर सहयोग गर्न आमनागरिकसँग आग्रहसमेत गरे ।

# पर्सा-४ छिपहरमाई-ठोरीमा रिजालको उत्साहजनक भेला



**बीरगन्ज,१७ माघ ।**

पर्सा निर्वाचन क्षेत्र नम्बर-४ मा जनआधारित राजनीति सशक्त बन्दै गएको संकेतस्वरूप छिपहरमाई गाउँपालिका वडा नम्बर-५ अन्तर्गत भिश्वा टोल तथा ठोरी गाउँपालिका वडा नम्बर-४ को निर्मल बस्तीमा कार्यकर्ता र अग्रजहरूको भेला उत्साहपूर्ण रूपमा सम्पन्न भएको छ । कार्यक्रम पर्सा-४ का प्रभावशाली नेता रमेश रिजालको सक्रिय पहलमा आयोजना गरिएको हो । भेलामा स्थानीय स्तरका जनसमस्या, विकासका प्राथमिकता तथा पर्सा-४ को दीर्घकालीन समृद्धिको विषयमा गम्भीर र व्यावहारिक छलफल गरिएको थियो । संगठनलाई स्थानीय तहमा अझ मजबुत बनाउँदै जनताको आवाज नीतिगत तहसम्म पुऱ्याउने उद्देश्यले कार्यक्रमले थप ऊर्जा प्रदान गरेको सहभागीहरूले बताएका छन् । कार्यक्रमलाई सम्बोधन गर्दै नेता रमेश रिजालले जनताको भरोसा, साथ र सक्रिय सहभागिताबिना समृद्ध र न्यायपूर्ण समाज निर्माण सम्भव नहुने उल्लेख गर्नुभयो । उहाँले विकास, सुशासन र जनउत्तरदायी नेतृत्वलाई आफ्नो राजनीतिक प्रतिबद्धताको केन्द्रमा राख्दै स्थानीय जनताको हक-हितका लागि निरन्तर संघर्ष गर्ने दृढ संकल्प व्यक्त गर्नुभयो । भेलामा सहभागी कार्यकर्ता तथा अग्रजहरूले रमेश रिजालको नेतृत्वप्रति पूर्ण विश्वास व्यक्त गर्दै आगामी दिनमा संगठन विस्तार, जनसम्पर्क र जनचासोका अभियानलाई अझ सशक्त बनाउँदै लैजाने प्रतिबद्धता जनाएका छन् ।
स्थानीय स्तरमा बढ्दो समर्थन र सक्रिय सहभागिताले रमेश रिजाल पर्सा निर्वाचन क्षेत्र नम्बर-४ मा परिवर्तनको भरोसायोग्य र प्रभावकारी नेतृत्वका रूपमा स्थापित हुँदै गएको देखिन्छ ।

# रास्वपा उम्मेदवार हरि पन्तद्वारा चोर्नी गाउँमा घरदैलो

**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,१७ माघ ।**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का पर्सा-१ का उम्मेदवार हरि पन्तले वीरगञ्ज-३२ अन्तर्गत चोर्नी गाउँमा बृहद् घरदैलो कार्यक्रम सञ्चालन गरेका छन् । ग्रामीण मतदातासँग प्रत्यक्ष संवाद गर्ने उद्देश्यले आयोजना गरिएको कार्यक्रममा स्थानीयहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।कार्यक्रममा बोल्दै पन्तले देशभर व्याप्त भ्रष्टाचारले ग्रामीण क्षेत्रका नागरिकलाई प्रत्यक्ष असर गरेको र आधारभूत सेवा-सुविधाबाट समेत वञ्चित भएको बताए ।

उनले यस्ता समस्याको समाधान पुराना राजनीतिक दलहरूबाट सम्भव नभएको दाबी गर्दै परिवर्तनका संवाहकको रूपमा रास्वपालाई मत दिन मतदातासँग आग्रह गरे ।

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।
सखुवाप्रसौनी गाँउपालिकाको कार्यालय, सखुवाप्रसौन, पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
छिपहरमाई गाउँपालिकाको कार्यालय,भिस्वा, पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
ठोरी गाँउपालिकाको कार्यालय, ठोरी, पर्सा

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा